कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल


पत्र संख्या : ०७७/०७८ मिति : २०७८/३/२२

च. नं. ९७१

**विषय: निर्देशन कार्यान्वयन गर्ने सम्बन्धमा ।**

श्री कोहलपुर नगरपालिका अन्तरगतका सबै सामुदायिक संस्थागत विद्यालयहरु,
कोहलपुर, बाँके ।

प्रस्तुत विषयमा हाल कोभिड –१९ को दोस्रो लहरका कारण अन्य क्षेत्रजस्तै शिक्षा क्षेत्र पनि प्रभावित भइरहेको सन्दर्भमा स्थानीय प्रशासनबाट विभिन्न मितिमा शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र) हाललाई सञ्चालन नगर्ने आदेश जारी भइरहेको अवगतै होला । यसैगरी वैकल्पिक सञ्चारका माध्यमहरु प्रयोग गरी वा स्वास्थ्य सुरक्षाका मापदण्डहरु पालना गरेर मात्र विद्यालयहरुमा भर्ना/ अभिलेखीकरण कार्य गर्नुगराउनु हुन भनी यस शाखाबाट समेत निर्देशन भएकै छ ।

तर केही विद्यालयहरुमा प्रवेश परीक्षा, विद्यार्थी भर्ना, अभिलेखीकरण, ट्युसन, विद्यार्थी परामर्श आदि कार्यहरु भइरहेको, बालालिकाहरुको भौतिक उपस्थितिमा कक्षा सञ्चालन भइरहेको गुनासो आइरहेको र सामाजिक सञ्जालमार्फत् उक्त कुराहरु जानकारीमा आइरहेको हुँदा नेपाल सरकार वा अन्तर्गतका सम्बद्ध निकायहरुबाट अर्को आधिकारिक सूचना जारी नभएसम्म उक्त आदेश र निर्देशनको विपरीत हुने गरी भौतिक उपस्थितिमा विद्यार्थी भर्ना, ट्युसन, विद्यार्थी परामर्श, विद्यार्थी भेला र पठनपाठन सञ्चालन नगर्नु नगराउनु हुन सम्बद्ध सबैमा अनुरोध गरिन्छ । जारी आदेश र निर्देशनको विपरीत हुने गरी विद्यालयमा कुनै पनि शैक्षिक कार्यक्रम सञ्चालन गरेको पाइएमा सोको जवाफदेही विद्यालय आफैं हुनुपर्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

..........................

(अनन्त कुमार पौड्याल)

प्रमुख प्रशासकिय अधिकृत